नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो)**

बुद्धनगर, काठमाडौं ।

**छपाई गर्ने सम्वन्धी दरभाउ पत्र आव्हानको सूचना ।**

**सूचना प्रकाशित मिति ०७५।१०।१९**

यस परियोजनको लागि चालु आ.व. ०७५।०७६ को छपाइ कार्य सिलबन्दी दरभाउ पत्रको प्रकृयाबाट गर्नुपर्ने भएकोले आयकर तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका योग्य ( पीन्टङ कार्य गर्ने आधिकारिक निकायवाट प्रमाणपत्र प्राप्त ) इच्छुक फर्म, कम्पनी वा संस्थाबाट निम्नानुसारका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ पत्र दाखिला गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१. दरभाउ पत्र फाराम रु. १०००।- (फिर्ता नहुने) तिरी यस परियोजनाको खरिद इकाइबाट खरिद गर्नु पर्नेछ । दरभाउ पत्र फाराम प्राप्त गर्नका लागि कम्पनी/फर्म , व्यबसाय , भ्याट/प्यान दर्ता प्रमाणपत्र र आ.व. ०७४।०७५ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र लिखित निवेदन पेश गर्नु पर्नेछ । प्रतिलिपि कागजातहरु अनिवार्य रुपमा नोटरी पब्लिकवाट प्रमाणित भएको हुनु पर्नेछ ।

२. यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउ पत्र फाराम खरीद गरी १६ औं दिन को १२.०० बजे भित्र यस परियोजनको खरिद इकाईमा दर्ता गरी सक्नु पर्नेछ ।

३. दरभाउ पत्रको जमानत वापत कानुनी मान्यता प्राप्त वैक तथा निर्दिष्ट ढाँचामा जारीगरिएको कम्तीमा ३ महिना म्याद भएको विडवण्ड वा रु.४५०००। रकम राष्ट्रिय वाणिज्य बैंक , टेकु, बैक कोड ५२०१४०० , कार्यालय कोड ३५०००३५०५ राजश्व शीर्षक नं १४२२९ जम्मा गरी खामको बाहिर यस परियोजनाको नाममा छपाइ सामग्रीको दरभाउ पत्र भनि स्पष्टसँग उल्लेख गरी दाखिला गर्नु पर्ने छ ।

४. सिलबन्दी दरभाउ पत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र पेशा सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको कागजात सिलबन्दी दरभाउ पत्र साथ संलग्न गर्नु पर्नेछ ।

५. म्याद भित्र दर्ता हुन आएका दरभाउ पत्रहरु १६ औं दिन दिनको १४.०० बजे परियोजनाको भवन बुध्दनगरमा दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । निजहरु उपस्थित नभए पनि दरभाउ पत्र खोल्न वाधा पर्ने छैन ।

६. दरभाउ पत्र फाराम दाखिला गर्ने अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्टः कार्यालय खुलेको दिनमा खोलिने छ ।

७. विल अफ क्वाण्टिटिजमा निर्दिष्ट भए अनुसार जम्मा कवोल रकम उल्लेख गरी सो रकममा भ्याट समेत जोडी कुल जम्मा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

८. रीत नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भई अंक/अक्षर स्पस्ट नभएको तथा सिलबन्दी दरभाउ पत्रदाताको हस्ताक्षर नभएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

९. दर्ता हुन आएका कुनै पनि दरभाउ पत्रहरु स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस परियोजनामा सुरक्षित रहनेछ ।

१०. एक पटक पेश भएको सिलबन्दी दरभाउ पत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

११. यो सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ । विस्तृत जानकारी लिन चाहेमा यस परियोजनाको खरिद इकाइमा सम्पर्क राख्न सकिनेछ ।

१२. यो सूचना परियोजनाको सूचना पाटी तथा वेवसाइटमा पनि हेर्न सकिने छ ।